कम्पनीको जारी पूँजी रु. २२,००,००,००० को २९.५५% ले हुन आउने रु. ६,५०,००,०००/- रकम बराबरको रु. १००/- अंकित दरका ६,५०,००० कित्ता साधारण शेयरको १०% अर्थात ६५,००० कित्ता साधारण शेयर वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि, ५% अर्थात ३२,५०० कित्ता साधारण शेयर सामुहिक लगानी कोषलाई बाँडफाँड गरिएको र २% अर्थात १३,००० कित्ता साधारण शेयर कम्पनीका कर्मचारीका लागि सुरक्षित गरि बाँकी रहेको ५,३९,५०० कित्ता साधारण शेयर सर्वसाधारणमा निष्काशन गरिएको।

दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या : १० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : १,००,००० कित्ता

दरखास्तसाथ प्रति शेयर रू.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः

स्वीकृत विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्स् नेपाल लिमिटेड (Care Ratings Nepal Ltd.) पुतलीसडक, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७९ कार्तिक १४ गते "CARE-NP BB (Is) [Double B Issuer]" प्रमाणपत्र प्राप्त गरेको छ। जसले कम्पनीको वित्तीय दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउंदछ। केयर रेटिङ्ग नेपाल लिमिटेडले CARE-NP AAA देखि CARE-NP D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP AAA ले बलियो आधार जनाउँछ भने CARE-NP D ले कमजोर आधार जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ।

क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : २०७९/०७/०४ क्रेडिट रेटिङ्ग बहाल रहने मिति :२०८०/०७/०४

अप्पर स्याङ्गे हाईड्रोपावर लिमिटेड
Upper Syange Hydropower Limited

रजिष्टर्ड ठेगाना : चन्डोल ४, काठमाण्डौं, नेपाल, टेलिफोन नं. ०१-४५४२८६०
इमेलः upper.syange@gmail.com वेभसाइटः www.uppersyange.com

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक			*चैत्र मसान्त २०७९	प्रक्षेपित		
	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९		आ.व.०७९/८०	आ.व.०८०/८१	आ.व.०८१/८२
प्रति शेयर आम्दानी	(२.०१)	(०.३९)	(१४.६३)	(३१.५१)	५.४५	६.६७	९.००
प्रति शेयर नेटवर्थ रु.	९७.७७	९९.१७	८४.५४	५३.०३	९६.१०	१०२.७८	१११.७८
संचित नाफा/नोक्सान (रु. हजारमा)	(५९१)	(१,१०६)	(२०,५६३)	(६२,४७०)	(८,५७२.०४)	६,१०७.८२	२५,९१२

साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला हुने मिति :	२०८०/०३/१० गते देखि
निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०८०/०३/१३ गते (बैंकिङ्ग समय पश्चात्) सम्म
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८०/०३/२४ गते (बैंकिङ्ग समय पश्चात्) सम्म

आयोजनाको नाम	कुल लागत रकम करोडमा (रु.)	प्रति मेगावाट लागत रकम करोडमा (रु.)	विद्युत उत्पादन अनुमतिको बाँकी अवधि	साधारण लगानी फिर्ता हुने अवधि	डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि
माथिल्लो स्याङ्गे खोला साना जलविद्युत आयोजना	रु.५०.४८	रु.२१.०३	अनुमति पत्र वहाल रहने अवधि मिति २०७४।०२।२२ देखि २१०९।०२।२१ सम्म रहेकोले २९ वर्ष ७ महिना बाँकी रहेकोछ	७.७४ वर्ष	१६.९१ वर्ष

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा यस निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०८०/०१/१३ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०८०/०१/१७

१. कम्पनीको नाम : अप्पर स्याङ्गे हाईड्रोपावर लिमिटेड (Upper Syange Hydropower Limited)।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ४, चन्डोलमा रहेको छ। कम्पनीले आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय तथा आयोजना रहने स्थान स्थानान्तरण गर्न तथा विभिन्न स्थानहरुमा शाखा कार्यालयहरु, शाखा उद्योगहरु खोल्न, सार्न वा बन्द गर्न सक्नेछ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा नं. ४, चन्डोल, काठमाडौं र आयोजना स्थल लमजुङ्ग जिल्लामा अवस्थित रहेको छ। कम्पनीले आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय तथा आयोजना रहने स्थान स्थानान्तरण गर्न र विभिन्न स्थानहरुमा शाखा कार्यालयहरु शाखा उद्योगहरु खोल्न, सार्न वा बन्द गर्न सक्नेछ।

५. संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ।

- अप्पर स्याङ्गे हाईड्रोपावर लिमिटेड नेपालको प्रचलित कानुन अन्तर्गत मिति २०६५/१०/१३ गतेका दिन नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेडको रुपमा दर्ता भई मिति २०७३/१२/१७ गते पब्लिक लिमिटेडमा परिणत भएको हो। कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, का. म. न. पा. वडा नं. ४, काठमाडौंमा रहेको छ।
- नेपाल सरकार, ऊर्जा मन्त्रालयबाट मिति २०७४/०२/२२ (वि.वि.वि १९७) मा २.४ मे.वा विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त भएको, उक्त अनुमतिपत्र मिति २१०९/०२/२१ गते सम्म बहाल रहनेछ।
- कम्पनीमा संस्थापक शेयरधनीको रुपमा हाइड्रो इनर्जी कर्न्सन प्रा.लि., कृति भेन्चर फण्ड लि. तथा भेस्ना भेन्चर प्रा.लि. लगायतका शेयरधनीहरु रहेका छन्।
- यस कम्पनीले लमजुङ्ग जिल्लाको ताघ्रिङ गा.वि.स को पानी उपयोग गरी २.४ मेगावाट क्षमताको माथिल्लो स्याङ्गे खोला साना जलविद्युत आयोजना निर्माण गर्दैछ।

संगठित संस्थाको माथिल्लो स्याङ्गे खोला साना जलविद्युत आयोजना आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

विद्युत परियोजनाको नाम	: माथिल्लो स्याङ्गे खोला साना जलविद्युत आयोजना
विद्युत गृह स्थल	: लमजुङ्ग जिल्लाको ताघ्रिङ गा.वि.स
श्रोत नदी	: स्याङ्गे खोलाको पानी।
आयोजनाको किसिम	: रन अफ रिभर
विद्युत उत्पादन अनुमति प्राप्त मिति	: २०७४/०२/२५
विद्युत उत्पादन अनुमति बहाल रहने मिति	: २१०९/०२/२१
व्यापारीक उत्पादन शुरु भएको मिति (COD)	: २०७८/११/१५
जडित क्षमता	: २.४ मेगावाट
आयोजनाको कुल लागत	: रु.५०,४७,९४,३३८/-
आयोजनाको प्रति मेगावाट लागत	: रु.२,१०,३३,०९,७४.१७
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि	: ७.७४ वर्ष
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि	: १६.९१ वर्ष
Net Present Value (NPV) (रु. हजारमा)	: रु.५२,८६९/-
Project Internal Rate of Return	: १२.२८ प्रतिशत

NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधि अनुरुप गणना गरिएको छ।

- यस आयोजनाको डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period): १६.९१ वर्ष रहेको छ।

लगानी फिर्ता हुने अवधि, इन्टर्नल रेट अफ रिर्टन तथा नेट प्रेजेण्ट भ्यालूको गणना तालिका

(रु. "००० मा)

वर्ष	कुल आयोजना लागत	करपछिको खुद नाफा	ह्रास तथा परिशोधन	ऋण भुक्तानी	खुद नगद प्रवाह	आयोजनाको नगद प्रवाह	साधारण संचयी नगद प्रवाह	भारित औशत लागत	डिस्काउण्टमा संचयी नगद प्रवाह	नगद प्रवाहको वर्तमान मूल्य
०	(४७८,५५२)									
१	(२६,२४२)	(१९,४५६.४४)	७,३७८.०८	८,०६६.८६	६१७.७१	(२६,२४२.००)	(५०४,७९४.३४)	९.६६%	(५०३,९४०.२९)	(२५,३८७.९५)
२		११,९९०.७२	१९,९१६.९२	१७,३१५.५३	५,५४३.८४	६१,६०५.७२	(४४३,१८८.६२)	९.९५%	(४४९,८०६.४८)	५४,१३३.८१
३		१४,६७९.८७	१९,९१६.९२	१९,०२०.०४	२२,८६४.६०	६३,५१२.११	(३७९,६७६.५१)	९.९१%	(३९९,१२६.५०)	५०,६७९.९८
४		१९,८०४.१८	१९,९१६.९२	२०,८९२.३४	४१,०३८.७१	६९,१६२.७७	(३१०,५१३.७३)	१०.१०%	(३४९,०२१.०९)	५०,१०५.४१
५		२२,८२१.३९	१९,९१६.९२	२२,९४८.९५	६२,५७६.७०	६७,७२०.१०	(२४२,७९३.६३)	१०.१२%	(३०४,४९२.१३)	४४,५२८.९५
६		२८,३३८.४१	१९,९१६.९२	२५,२०८.००	८४,९७८.६१	७३,३७२.१२	(१६९,४२१.५२)	१०.१५%	(२६०,७१७.४०)	४३,७७४.७३
७		२९,८५५.९०	१९,९१६.९२	२७,६८९.४३	१०८,९४९.६३	६९,३९०.१२	(१००,०३१.४०)	१०.१८%	(२२३,१७०.०८)	३७,५४७.३२
८		३३,७५२.४५	१९,९१६.९२	३०,४१५.१३	१३१,६७९.९२	७२,९७२.५६	(२७,०५८.८४)	१०.२१%	(१८७,३७६.४८)	३५,७९३.६०
९		३५,५१३.९४	१९,९१६.९२	३३,४०९.१५	१५५,५९४.६९	६९,३२३.०३	४२,२६४.१९	१०.२६%	(१५६,५७३.०४)	३०,८०३.४४
१०		३९,९३४.९०	१९,९१६.९२	३६,६९७.८९	१७३,४०१.८२	७७,६९५.१०	११९,९५९.२८	१०.३२%	(१२५,३२६.०६)	३१,२४६.९८
११		३८,२४२.६२	१९,९१६.९२	४०,३१०.३६	१९३,१४९.९३	६५,१४४.६१	१८५,१०३.९०	१०.३९%	(१०१,५९०.५६)	२३,७३५.५१
१२		४२,७६९.३६	१९,९१६.९२	४४,२७८.४५	२११,०४५.५८	६८,११४.४०	२५३,२१८.२९	१०.४९%	(७९,१७२.८६)	२२,४१७.७०
१३		४५,४६३.३२	१९,९१६.९२	२३,७४७.८६	२४८,२३६.८२	६४,०३८.९३	३१७,२५७.२३	१०.३८%	(६०,१८५.१३)	१८,९८७.७४
१४		४७,२१३.०६	१९,९१६.९२		३१४,८६१.२५	६७,६३५.५२	३८४,८९२.७५	१०.७१%	(४२,११८.३४)	१८,०६६.७९
१५		३८,८३०.३८	१९,९१६.९२		३७६,२६८.८०	५६,०८७.०५	४४०,९७९.८०	११.००%	(२८,६२१.०७)	१३,४९७.२६
१६		३६,५४३.११	१९,९१६.९२		४३२,२३०.५०	५६,९५८.३६	४९७,९३८.१७	११.००%	(१६,२७२.४८)	१२,३४८.६०
१७		३६,०५६.९९	१९,९१६.९२		४९०,१२४.१५	५४,०५४.१६	५५१,९९२.३२	११.००%	(५,७१४.८५)	१०,५५७.६३
१८		३७,४७६.९७	१९,९१६.९२		५४७,०२७.५४	५७,८८४.३९	६०९,८७६.७१	११.००%	४,४७०.४९	१०,१८५.३४
१९		३६,९७२.३७	१९,९१६.९२		६०५,८४४.७४	५४,९६१.३७	६६४,८३८.०८	११.००%	१३,१८३.११	८,७१२.६२
२०		३८,३७२.०९	१९,९१६.९२		६६३,६५१.२०	५८,७७०.९८	७२३,६०९.०६	११.००%	२१,५७६.३८	८,३९३.२७
२१		३७,८४५.३३	१९,९१६.९२		७१७,३१५.२०	६१,८६१.०५	७८५,४७०.११	११.००%	२९,५३५.४५	७,९५९.०७
२२		३९,१३२.२६	१९,९१६.९२		७७५,८९१.६६	५९,५२१.८८	८४४,९९१.९९	११.००%	३६,४३४.६६	६,८९९.२०
२३		३८,५७७.९३	१९,९१६.९२		८३६,३३२.९९	५६,५४८.३८	९०१,५४०.३७	११.००%	४२,३३९.६५	५,९०४.९९
२४		३९,९२३.७०	१९,९१६.९२		८९५,७१०.९८	६०,३०३.२३	९६१,८४३.६०	११.००%	४८,०१२.७०	५,६७३.०५
२५		३९,३३८.५१	१९,९१६.९२		९५६,९२३.४१	५७,२९८.४२	१,०१९,१४२.०३	११.००%	५२,८६८.९०	४,८५६.१९

डिष्काउण्ट दर (Discount Rate) Debt	९.५%
डिष्काउण्ट दर (Discount Rate) Equity	११%
वित्तीय विश्लेषण (Financial Analysis)	२४ वर्ष ३.५ महिना
साधारण लगानी फिर्ता हुने अवधि (Simple Payback Period)	७.७४ वर्ष
डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Payback Period)	१६.९१ वर्ष
नेट प्रेजेण्ट भ्यालू (Net Present Value (NPV) (रु. हजारमा)	५२,८६९
प्रोजेक्ट इन्टर्नल रेट अफ रिर्टन (Project Internal Rate of Return (IRR))	१२.२८%
ईक्वीटी इन्टर्नल रेट अफ रिर्टन (Equity Internal Rate of Return (IRR)	१८.०४%
न्यूनतम DSCR	०.४३
डिष्काउण्टेड B/C अनुपात	१.०६

- मिति २०७४ पुस २८ गते प्राइम कर्मसीयल बैंक लिमिटेडसंग माथिल्लो स्याङ्गे खोला साना जलविद्युत आयोजना निर्माण गर्न रु. ३३.५० करोड बैंक ऋण सम्झौता अपर स्याङ्गे हाइड्रोपावर लिमिटेडसँग भएकोछ। साथै मिति २०७८ असोज २५ गते उक्त सम्झौता संशोधन भई १ करोड ५० लाख कर्जा थप ३५ करोड गरिएको छ।
- यो प्रस्ताव तयार पार्दासम्म (माघ मसान्त २०७८) आयोजनाको १०० प्रतिशत कार्य सम्पन्न भैसकेको छ जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

विवरण	कार्य प्रगती	कार्य सम्पन्न %
१. वित्तीय व्यवस्थापन	सम्पन्न	१००%
२. आधारभुत संरचनाहरु		
(क) आवास गृह निर्माण	सम्पन्न	१००%
(ख) पहुच सडक निर्माण	सम्पन्न	१००%
(ग) विस्तृत ईन्जिनियरिङ्ग डिजाईन	सम्पन्न	१००%
३. सिभिल निर्माण कार्य		
(क) बाँध,	सम्पन्न	१००%
(ख) डिसेन्डर	सम्पन्न	१००%
(ग) गेट संरचनाहरु	सम्पन्न	१००%
(घ) हेडरेस पाईपका संरचनाहरु	सम्पन्न	१००%
(ङ) बिद्युत गृह तथा निकास नहर	सम्पन्न	१००%
(च) टनेल	सम्पन्न	१००%
(छ) स्वीचयार्ड	सम्पन्न	१००%
४. हाइड्रो मेकानिकल निर्माण कार्य		
(क) हेडवर्क्स (Headworks)	सम्पन्न	१००%
५. मेशिन तथा अन्य उपकरणहरु		
(क) मेशिन तथा अन्य उपकरणहरु ऋायात	सम्पन्न	१००%
(ख) मेशिन तथा अन्य उपकरणहरु जडान	सम्पन्न	१००%
६. प्रसारण लाईन	सम्पन्न	१००%
७. व्यावसायिक उत्पादन शुरु भएको मिति (COD)	२०७८।११। १५	

- कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजार तथा अन्य उपकरणहरुको पुनस्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका वीमाहरू गरेको छ।
- यस २.४ मेगावाट क्षमताको माथिल्लो स्याङ्गे खोला साना जलविद्युत आयोजनाको लागत रु.५०.४८ करोड रहेका छ। प्रति मेगावाट उत्पादन लागत रु.२१.०३ करोड रहेको छ। लागतको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

क्र.सं.	विवरण	रकम (रु.)
१	सिभिल कार्य (Civil Works)	९५,४१०,०४२
२	प्री-डिभेलपमेन्ट खर्च (Pre-development Expenses)	२४,५८१,९९७
३	हाईड्रो-मेकानिकल कार्य (Hydro-Mechanical Work)	६०,०८७,३२१
४	इलेक्ट्रो-मेकानिकल कार्य (Electro-Mechanical Work)	७४,२३५,७७४
५	जग्गा (Land	४,१८७,१५०
६	अफिस इक्वीपमेन्ट एन्ड फर्निचर (Office equipment and furniture)	२,३०२,९८८
७	वातावरण न्यूनीकरण तथा निगरानी (Environmental mitigation and monitoring)	५,२२८,२६९
८	इन्जिनियरिङ्ग प्रशासन तथा व्यवस्थापन (Engg. Administration and Management)	६९,१०२,९००
९	मोबिलाइजेसन तथा इन्फ्राइस्ट्रक्चर (Mobilization and Infrastructure)	६५,३१७,८४२
१०	प्रशारण तथा इन्टरकनेक्सन (Transmission and Interconnection)	१८,८६५,४७५
११	Interest During Construction (IDC)	८५,४७४,५८०
	जम्मा लागत IDC समेत	५०४,७९४,३३८

- कम्पनीले निर्माण गर्दै गरेको माथिल्लो स्याङ्गे खोला साना जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युत शक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०७२/०६/१४ गते २.४ मे.वा.को विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएको।
- कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद बिक्री सम्झौताका मुख्य मुख्य बुँदाहरु निम्न बमोजिम रहेका छन्।

(क) माथिल्लो स्याङ्गे खोला साना जलविद्युत आयोजनाको २.४ मे.वा.बाट वार्षिक १,४१,३४,३५६ किलोवाट घण्टा विद्युत उत्पादन गर्ने तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ। यसमा वर्षायामका आठ महिनाको लागि १,१३,१६,६५९ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागि २८,१७,६९८ किलोवाट घण्टा निर्धारण गरिएको छ।

(ख) नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा को हकमा विद्युत बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरका कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ।

(ग) (१) नेपाल विद्युत प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मिति देखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरिद वापत बर्षा याममा प्रति कि.वा. घण्टा रु.४.८० (चार रुँपैया असि पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु. ८.४० (आठ रुँपैया चालिस पैसा मात्र) विद्युत खरिद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ। साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ (पाँच) पटकसम्म मुल्य बृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिएको छ।

अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगतै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरी)	सुख्खा याम (पौष देखि चैत्र सम्म (रु प्रति युनिट)	बर्षा याम (बैशाख देखि मार्ग सम्म (रु. प्रति युनिट)
पहिलो महिना देखि १२ औ महिना सम्म	८.४०	४.८०
१३औ महिना देखि २४ औ महिना सम्म	८.६५	४.९४
२५औ महिना देखि ३६ औ महिना सम्म	८.९०	५.०९
३७औ महिना देखि ४८औ महिना सम्म	९.१६	५.२३
४९औ महिना देखि ६०औ महिना सम्म	९.४१	५.३८
६१औ महिना देखि सम्झौता अवधिसम्म	९.६६	५.५२

माथि (ग)(१) मा जेसुकै लेखिएको भएता पनि व्यापारीक उत्पादन शुरु हुने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारीक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिला हुन गएमा विद्युत उर्जा खरिद दर निम्नानुसार वार्षिक मुल्य बृद्धि कायम गरिने छ।

- RCOD को तुलनामा COD ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा ४ वटा मात्र मुल्यबृद्धि दिईनेछ।
- RCOD को तुलनामा COD १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा ३ वटा मात्र मुल्यबृद्धि दिईनेछ।
- RCOD को तुलनामा COD ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा २ वटा मात्र मुल्यबृद्धि दिईनेछ।
- RCOD को तुलनामा COD ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा १ वटा मात्र मुल्यबृद्धि दिईनेछ।
- RCOD को तुलनामा COD ५४ महिनाभन्दा ढिलो हुन गएमा मुल्यबृद्धि दिईने छैन।

(घ) कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ। काबु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुन पर्ने उपरोक्त कार्यहरु समयमै सम्पन्न हुन नसकी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ। साथै प्राधिकरणले पनि कम्पनीबाट आपूर्ति हुने विद्युत शक्ति लिनको लागि प्राधिकरणबाट हुनुपर्ने कार्यहरु सोहि समयभित्र पूरा गरि सक्नुपर्नेछ। समयमै आयोजनाको निर्माण एवं अन्य आवश्यक कार्य सम्पन्न गरि आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने भनी कम्पनीले सुचना दिई सकेपछि साइटको संयुक्त नापजाँचबाट उपकरणहरुको प्राविधिक सीमा भित्र रहि गरिएकाः
(क) आयोजनाले सम्पन्न गरेको Dry Tests का नतिजाहरुको अध्ययन तथा प्रमाणिकरण
(ख) Black start परिक्षण तथा
(ग) उपलब्ध लोडसम्मको प्रविधिक तवरले सम्भव हुने अवधीसम्मको Off Grid Mode Operation Test बाट व्यहोरा ठिक ठहरिएमा काबु बाहिरको परिस्तिथीमा बाहेक प्रधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्म व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नु पर्नेछ।

यसरी कम्पनीले प्रधिकरणलाई अथवा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सुत्र अनुसार हिसाब गरिनेछ।
हर्जाना रकम रु. = ०.०५ × कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यपारिक उत्पादन सुरु हुने मिति बीचको दिन अन्तरको अवधिका उर्जा × व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (COD) मा लागु हुने खरिद दर।

प्राधिकरणले लिनु पर्ने यस्तो हर्जाना रकम विद्युत खरिद वापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नु पर्ने रकमबाट कट्टा गरी लिन सकिने छ। तर यसरी कट्टा गर्दा प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरिद बापत भुक्तानी गर्नु पर्ने रकमको पचास प्रतिशत भन्दा बढि नहुने गरी किस्ताबन्दिमा पहिलो बिल देखि यस्तो हर्जाना पुरा असुल नभएसम्म कट्टा गर्दै जानेछ। प्राधिकरणले हर्जाना तिर्नु पर्ने अवस्थामा पनि यथोचित किस्ताबन्दिमा भुक्तानी गरिने छ।

सम्झौताहरु तथा विभिन्न नियमन निकायबाट प्राप्त गरेको स्वीकृति/अनुमति/इजाजतको विवरणः

क्र.सं.	सम्झौता गर्ने निकाय/संस्था	सम्झौताको विषय/वस्तु	सम्झौता मिति	सम्झौता बहाल रहन अवधी
१.	नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय	प्राइभेट लिमिटेडको रुपमा दर्ता	२०६५/१०/१३	
२.	नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय	पब्लिक लिमिटेडमा परिणत भएको	२०७३/१२/१७	
३.	नेपाल सरकार, ऊर्जा मन्त्रालय	विद्युत उत्पादनको अनुमतिपत्र प्राप्ती	२०७४/०२/२२	२१०९/०२/२१
४.	नेपाल सरकार, ऊर्जा मन्त्रालय	व्यापारिक उत्पादन शुरु भएको मिति (COD)	२०७८/११/१५	
५.	नेपाल विद्युत प्राधिकरण	आयोजनाबाट उत्पादन गरिएको विद्युत खरिद बिक्री सम्बन्धी सम्झौता	२०७२/०६/१४	
		आयोजनाबाट उत्पादन गरिएको विद्युत खरिद बिक्री सम्बन्धी सम्झौताको प्रथम संशोधन	२०७४/०७/१४	
		आयोजनाबाट उत्पादन गरिएको विद्युत खरिद बिक्री सम्बन्धी सम्झौताको दोश्रो संशोधन	२०७६/०२/२४	
		आयोजनाबाट उत्पादन गरिएको विद्युत खरिद बिक्री सम्बन्धी सम्झौताको तेश्रो संशोधन	२०७६/०४/२६	
६	सिद्धार्थ क्यापिटल लिमिटेड	शेयरहरुको सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा सम्झौता	२०७७/११/०६	२०७८/११/०५
		शेयरहरुको सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा सम्झौताको नविकरण	२०८०/०१/१७	२०८०/०५/२४
७	प्रभु क्यापिटल लिमिटेड	शेयर प्रत्याभूति सम्झौता	२०७८/०८/०१	२०७९/०७/३०
		शेयर प्रत्याभूति सम्झौता नविकरण	२०८०/०१/१७	२०८०/०४/१६
८	प्राइम कर्मसियल बैंक लिमिटेड	ऋण सम्झौता (Facility Agreement)	२०७४/०९/२८	
		पूरक ऋण सम्झौता (Supplementry Facility Agreement)	२०७६/०५/१८	
		पूरक ऋण सम्झौता (Supplementry Facility Agreement II)	२०७८/०६/२५	

कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

(क) जलविद्युत आयोजनाहरुको अध्ययन अनुसन्धान गरी नेपालको विभिन्न भागमा रहेका नदी, खोला नाला, तालहरुबाट निजी क्षेत्रमा जलविद्युत उत्पादन, प्रसारण, तथा बिक्री वितरण गर्ने गराउने एवं आवश्यकता अनुसार पावरहाउस, प्रसारण तथा वितरण लाइन निर्माण गर्ने र संचालन गर्ने।
(ख) विद्युत उर्जाको आवश्यकता अनुसार नेपाल भर जलविद्युत बाहेक अन्य सौर्य, वायु, तापिय आदि श्रोतबाट पनि वैकल्पिक उर्जा उत्पादन गरी, प्रसारण तथा बिक्री वितरण गर्ने।
(ग) जलविद्युत र वातावरण विकासको क्षेत्रमा परामर्श सेवा प्रदान गर्ने, नयाँ नयाँ जलविद्युत आयोजनाहरुको सर्भेक्षण, अन्वेक्षण, अध्ययन, अनुगमन तथा मुल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने र जलविद्युत क्षेत्रको विकास गर्ने र गराउने।
(घ) जलद्यिुत र उर्जा विकास गर्ने सिलसिलामा हुने वातावरणीय पक्षलाई मध्यनजर राखी वातावरण अनुसन्धान र विनाशलाई रोकथाम गर्ने उपाय अवलम्बन गर्ने।
(ङ) साना, मझौला र ठुला जलविद्युत आयोजनहरुको समन्वय गरी विद्युत आपूर्ति तथा वितरण गर्ने।
(च) जलविद्युत, खानेपानी, शहरी विकास तथा सिभिल आयोजनाहरुको पुर्व संभाव्यता, संभाव्यता, बृहत अध्ययन विकास तथा निर्माण गर्ने।
(छ) नवीकरणीय उर्जा आयोजनाहरुको पूर्व सम्भाव्यता, सम्भाव्यता, बृहत अध्ययन अनुसन्धान तथा निर्माण गर्ने।
(ज) साना तथा मझौला विद्युत आयोजनाहरुको निर्माण र वातावरण सम्बन्धी परामर्श सेवा उपलब्ध गराउने।
(झ) हाइड्रोपावर तथा विद्युत सम्बन्धी उपकरणहरु,मेशीन औजारहरु, सामान विदेशबाट आयात तथा खरिद गरि उपभोग गर्ने, बिक्री वितरण गर्ने,गराउने विद्युत खरिद बिक्री गर्ने।
(ञ) हाइड्रोपावर सम्बन्धी उपकरणहरु निर्माण तथा मर्मत गर्ने।
(ट) इन्जिनियरिङ्ग सम्बन्धी सबै प्रकारको परमर्श सेवा लगायतको इन्जिनियरिङ्ग सेवा प्रदान गर्ने।

६. धितोपत्र जारी गर्नुको उद्देश्य :

कम्पनीको प्रबन्ध-पत्र तथा नियमावलीमा व्यवस्था भए अनुसार जारी पूँजीको ३९.५५% अर्थात रु.८,७०,००,०००/- (अक्षरेपी आठ करोड सत्तरी लाख मात्र) रकम बराबर प्रति शेयर अंकित मुल्य रु.१००/- को कित्ता ८,७०,००० साधारण शेयर सर्वसाधारणहरुको (आयोजना प्रभावित वासिन्दाका लागि छुट्याइएको समेत) निमित्त छुट्याईएको छ। बैंकबाट लिईएको कर्जा भुक्तानीको लागि रकम संकलन गर्नु यस निष्काशनको मुख्य उद्देश्य हो।

७. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पूँजी : कम्पनीको अधिकृत पूँजी रु.२२,००,००,०००/- (अक्षरेपी बाइस करोड रुपैयाँ) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले २२,००,००० थान शेयरमा बिभाजन गरिएकोछ।
जारी पूँजी : कम्पनीको जारी पूँजी रु.२२,००,००,०००/- (अक्षरेपी बाइस करोड रुपैयाँ) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले २२,००,००० थान शेयरमा बिभाजन गरिएको छ।
चुक्ता पूँजी : कम्पनीको चुक्ता पूँजी रु.१३,३०,००,०००/- (अक्षरेपी रु. तेह्र करोड तीस लाख मात्र) रहेको छ। सर्वसाधारणको लागि छुट्ट्याइएको रु.१००/- का दरले ८,७०,००० कित्ता शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु.२२,००,००,०००/- (अक्षरेपी बाइस करोड रुपैयाँ) हुनेछ।

८. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

कम्पनीको प्रबन्ध-पत्रको दफा ६ मा उल्लेख भए अनुसार सर्वसाधारणमा शेयरको निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने चुक्ता पूँजीको संरचनाः

क्र.सं.	शेयरधनीहरु	समूह	साधारण शेयर संख्या	चुक्ता रकम (रु.)	पूँजी संरचना (%)	भुक्तानी प्रतिशत
१	संस्थापक शेयरधनीहरु	क	१३,३०,०००	१३,३०,००,०००	६०.४५	१००
२	आयोजना प्रभावित क्षेत्रका शेयरधनीहरु	ख	२,२०,०००	२,२०,००,०००	१०	-
३	सर्वसाधारण शेयरधनीहरू		६,५०,०००	६,५०,००,०००	२९.५५	-
	जम्मा		२२,००,०००	२२,००,००,०००	१००	

नोट :
१. संस्थापक तर्फको शेयर चुक्ता भईसकेको छ भने आयोजना प्रभावित क्षेत्रका शेयरधनीहरु, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु र सर्वसाधारण शेयरधनीहरुलाई बिक्री गरिने शेयर चुक्ता हुन बाँकी रहेको छ।
२. मिति २०७९।०७।१७ गते देखि लागु हुने गरी स्वीकृत भएको धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैटौं संशोधन २०७९) को दफा ४ (ख) (१) मा व्यवस्था भए बमोजिम सर्वसाधारणमा सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि छुट्याईएको।

९. आधारभूत शेयरधनी/सञ्चालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१	श्री कर्मा डोल्मा लामा	-	६९	नेपाली	मनाङ, भ्राका गा.वि.स. वडा नं.९	७७,७६२	साधारण लेखपढ	
२	भेस्ना भेन्चर प्रा.लि.	लागू नहुने	लागू नहुने	लागू नहुने	काठमाडौं	१,७६,०८९	लागू नहुने	लागू नहुने
३	कृति भेन्चर फण्ड लि.	लागू नहुने	लागू नहुने	लागू नहुने	काठमाडौं	१०,१५,६३०	लागू नहुने	लागू नहुने

सञ्चालकहरुको विवरण

क्र.सं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव	प्रस्तावित व्यापार/व्यवसाय सम्बन्धी
१.	श्री बिर बहादुर घले* (हाईड्रो इन्र्जी कन्सर्न प्रा.लि.को तर्फबाट) गोरखा जिल्ला, बारपाक गा.वि.स. वडा नं.८	अध्यक्ष	५५	नेपाली	१६,९०१	आई.ए.	लघु तथा साना जलविद्युत आयोजनामा ३४ वर्षको कार्यानुभव	प्रबन्ध सञ्चालक - हाईड्रो इनर्जी कन्सर्न प्रा.लि., अध्यक्ष - अप्पर स्याङ्गे हाईड्रो पावर लिमिटेड
२.	श्री सोनम लामा (कृति भेन्चर फण्ड लिमिटेडको तर्फबाट) बौद, काठमाण्डौ वडा नं.२४	संचालक	६७	नेपाली	-	स्नातक	नेपाल गुडओएभ फाउन्डेशन कार्यकारी सदस्य २००१ देखि २०१५ सम्म १५ वर्ष	टिम भेन्चर प्रा.लि.को अध्यक्ष २०१६ देखि हालसम्म
३.	श्री सौरभ ढकाल (भेस्ना भेन्चर प्रा.लि.को तर्फबाट) सिन्धुली, सिदेश्वर वडा नं.५	संचालक	४३	नेपाली	-	स्नातकोत्तर	टि.भी. समाचार निर्माता, सहसम्पादक कान्तिपुर टेलिभिजन (२००५-२०१३) सहायक सम्पादक नेपाल इयर बुक (१९९९-२००४)	संस्थापक स्टोरी साइकल मिडिया प्लेटफर्म (२०१४ देखि हालसम्म)
४	श्री सुरज राजवहाक (कृति भेन्चर फण्ड लिमिटेडको तर्फबाट) भक्तपुर, म.ठि.न.पा. वडा नं.५	संचालक	३६	नेपाली	-	स्नातकोत्तर	सहायक महाप्रबन्धक शिखर ईन्सुरेन्स कं. लि. १० वर्ष, संञ्चालक कृति भेन्चर फन्ड ५ वर्ष,	संञ्चालक किल्न सिटी भेइकल सर्भिस सेन्टर लि. (३ वर्ष)
५	श्रीमती दिपिका ज्ञवाली कोटेश्वर, काठमाण्डौ वडा नं.३२	महिला एव स्वतन्त्र संचालक	३८	नेपाली	-	स्नातकोत्तर	ग्रीन ग्रेथ ग्रुप लिमिटेडमा मार्केटिङ्ग तथा फाइनान्स सहायक ६ वर्षको अनुभव	सो नभएको

नोटः कम्पनी ऐन, २०६३ को दफा ८६ को उपदफा (२) मा भएको व्यवस्था पालना भएको व्यहोरा जानकारी गराइन्छ।
**मिति २०८०/०१/०७ गतेबाट लागु हुने गरी कार्यकारी अध्यक्षको पदबाट राजीनामा दिई गैर कार्यकारी हैसियतमा संचालक समितिको अध्यक्षको रुपमा मात्र रहेको।*

१०. उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	नाम	पद	योग्यता	नियुक्ति मिति	कार्यानुभव
१	श्री रबि लामिछाने, बानेश्वर, काठमाडौं*	लेखा अधिकृत	लेखा विषयमा स्नातकोत्तर	२०७५/१०/१४	५ वर्ष (२ वर्ष क्यापिटल मार्केटमा र ३ वर्ष हाईड्रोपावरमा)।
२	श्री जिवन के.सी., गोंगबु, काठमाडौं	सिभिल इन्जिनियर	जलविद्युत विषयमा स्नातक	२०७८/०४/०१	५ वर्ष हाईड्रो पावरमा।

कम्पनीका माथि उल्लेखित कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभुत शेयरधनी तथा अन्य कुनै संगठित संस्थामा लगानी नरहेको।
**संचालक समितिको निर्णय बमोजिम कार्यकारी प्रमुखको जिम्मा प्रदान गरिएको छ।*

११. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम (२७)(२) अनुसार यस कम्पनीमा ७ (सात) जनाको सञ्चालक समिति हुनेछ जसमा संस्थापक समूहबाट मनोनित/निर्वाचित ४ जना, र सर्वसाधारण शेयरधनीहरु मध्येबाट २ जना निर्वाचित वा मनोनित संचालक र १ जना स्वतन्त्र सञ्चालक हुने छन्:

संस्थापक समूह (समूह "क") बाट मनोनित/निर्वाचित	४ जना
सर्वसाधारण शेयरधनीहरु (समूह "ख") मध्येबाट निर्वाचित वा मनोनित	२ जना
महिला तथा स्वतन्त्र सञ्चालक	१ जना
जम्मा	७ जना

सञ्चालकहरुको कार्यकाल ४ वर्षको हुनेछ।

यस कम्पनीको संचालकको पदमा नियूक्त हुनका लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ। तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा उपरोक्त यो व्यवस्था लागु हुने छैन।

१२. सीमित दायित्व सम्बन्धी विवरण :

यो कम्पनी, कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा संचालित पब्लिक लिमिटेड कम्पनी हो। यसमा शेयरधनीहरूको दायित्व निजहरुले खरिद गर्न कबुल गरेको शेयरको अंकित रकमसम्म मात्र सीमित रहनेछ।

१३. सञ्चालन अवधि तीन बर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको नाफा-नोक्सान, वासलात सहितको संक्षिप्त वितीय विवरणः

वासलात

(रकम रु. मा)

विवरण	वास्तविक			*चैत्र मसान्त २०७९
	आ.व. २०७६/७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९	
सम्पत्ति				
गैर चालु सम्पत्ति				
सम्पत्ति, मेशिनरी तथा उपकरण	२,५५४,०६८	२,०९२,३५७	१,९९९,४५३	१,६१०,२६०
अमूर्त सम्पत्तिहरु	१८,६८३	११,४५१	४९७,६२९,७६३	४८२,५७२,५२८
विकास भइरहेको आयोजना	३९७,८२३,७८८	४७८,५५२,३३६	१७,४२२,८०५	१८,५२६,१७०
जम्मा गैर चालु सम्पत्ति	४००,३९६,५३९	४८०,६५६,१४४	५१७,०५२,०२१	५०२,७०८,९५८
चालु सम्पत्ति				
लगानी	१,०००,०००	१,०००,०००	-	-
नगद तथा बैंक मौज्दात	३८८,६२८	४,३९४,०१४	६१७,७१३	१४४,२५७
अग्रिम प्राप्त गर्नुपर्ने रकम र निक्षेप	६,२९४,११५	९,१९५,९८६	१०,७७२,२५०	१८,६५२,६६४
जम्मा चालु सम्पत्ति	७,६८२,७४३	१४,५९०,०००	११,३८९,९६३	१८,७९६,९२१
जम्मा सम्पत्ति	४०८,०७९,२८२	४९५,२४६,१४४	५२८,४४१,९८४	५२१,५०५,८७९
पूँजी तथा दायित्वहरु				
पूँजी				
शेयर पूँजी	२६,४७५,०००	१३३,०००,०००	१३३,०००,०००	१३३,०००,०००
जगेडा	(५९१,०५४)	(१,१०६,३२३)	(२०५६२७६०)	(६२,४७०,०८६)
शेयर एडभान्स	२५,७९८,२००	-	-	-
जम्मा पूँजी	५१,६८२,१४६	१३१,८९३,६७७	११२,४३७,२४०	७०,५२९,९१४
गैर चालु दायित्व				
दिर्घकालिन कर्जा	३४६,४९८,१२३	३५१,८९९,२८०	३४८,७००,०००	३४७,२५६,६८०
कर्मचारी लाभ दायित्व	६७४,६५५	७१३,९१३	६२८,४६२	८०९,१८२
तिर्न बाँकी अवधारणा रकम	३,७०९,०००	४,१६९,३९८	३,४०३,५१६	१,९२०,०५४
जम्मा गैर चालु दायित्व	३५०,८८१,७७८	३५६,७८२,५९१	३५२,७३१,९७८	३४९,९८५,९१६
जम्मा दायित्व				
अल्पकालिन कर्जा	१,३९३,१२५	५,५००,०००	६०,०८६,०९२	९५,३५०,०००
भुक्तानी गर्नुपर्ने रकम	४,१२२,२३३	१,०६९,८७६	३,१८६,६७४	५,६४०,०४९
जम्मा चालु दायित्व	५,५१५,३५८	६,५६९,८७६	६३,२७२,७६६	१००,९९०,०४९
जम्मा दायित्व	४०८,०७९,२८२	४९५,२४६,१४४	५२८,४४१,९८४	५२१,५०५,८७९

नाफा-नोक्सान हिसाब

(रकम रु. मा)

विवरण	वास्तविक			*चैत्र मसान्त २०७९
	आ.व. २०७६/७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९	
बिक्री आम्दानी	-	-	१४,८६५,०२२	२३,६३३,४६८
बिक्री लागत	-	-	५३७,१४१	६५२,६६९
कूल नाफा	-	-	१४,३२७,८८१	२२,९८०,७९९
अन्य आम्दानी	-	-	२६४,१०४	४५३
कर्मचारी लाभ खर्च	-	-	१,२६४,७४६	३,८१६,४५०
ह्रासकट्टी तथा परिशोधन	-	-	७,३७८,०८२	१५,४४६,४२८
प्रशासनिक खर्च	५३३,२१२	५१५,२६९	२,६३३,७१४	४,७८३,०१४
सञ्चालन नाफा/नोक्सान	(५३३,२१२)	(५१५,२६९)	३,३१५,४४३	(१,०६४,६४०)
वित्तीय खर्च	-	-	२२,७७१,८८०	४०,७६३,३३७
कर्मचारी बोनश अघिको नाफा/नोक्सान	(५३३,२१२)	(५१५,२६९)	(१९,४५६,४३७)	(४१,८२७,९७७)
कर्मचारी बोनश	-	-	-	-
कर अघिको नाफा/नोक्सान	(५३३,२१२)	(५१५,२६९)	(१९,४५६,४३७)	(४१,८२७,९७७)
यस वर्षको आयकर व्यवस्था	-	-	-	-
अघिल्लो वर्षको कर	-	-	-	७९,३४९
यस वर्षको नाफा/नोक्सान	(५३३,२१२)	(५१५,२६९)	(१९,४५६,४३७)	(४१,९०७,३२६)

**चैत्र मसान्त, २०७९ को लेखापरिक्षक तथा व्यवस्थापनबाट प्रमाणित अपरिस्कृत वित्तीय विवरण हुन्।*

कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

वासलात

(रकम रु. मा)

विवरण	प्रस्तावित		
	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२
सम्पत्ति			
चालु सम्पत्ति			
प्राप्य रकम	१२,७१०,५८६	१३,०९०,८९१	१३,४५७,७३९
अग्रिम भुक्तानी तथा निक्षेप	-	-	-
नगद तथा बैंक ब्यालेन्स	५,५४३,८३७	२२,८६४,५९७	४१,०३८,७०९
कुल चालु सम्पत्ति	१८,२५४,४२४	३५,९५५,४८८	५४,४९६,४४८
गैर चालु सम्पत्ति			
सम्पत्ति, मेशिनरी तथा उपकरण	१,९९९,४५३	१,६०१,५१६	१,३५९,०१६
घटाउनेः ह्रासकट्टी	३९७,९३७	२४२,५००	२४२,५००
कुल स्थायि सम्पत्ति	१,६०१,५१६	१,३५९,०१६	१,११६,५१६
अमूर्त सम्पत्तिहरु	५१५,०५२,५६८	४९५,१३१,४३४	४७५,२१४,५१८
घटाउनेः परिशोधन	१९,९२१,१३४	१९,९१६,९१६	१९,९१६,९१६
कुल अमूर्त सम्पत्तिहरु	४९५,१३१,४३४	४७५,२१४,५१८	४५५,२९७,६०२
जम्मा स्थायि सम्पत्ति	४९६,७३२,९५०	४७६,५७३,५३४	४५६,४१४,११८
लगानी, निक्षेप तथा अग्रिम भुक्तानी	३०,०००,०००	३०,०००,०००	३०,०००,०००
जम्मा सम्पत्ति	५४४,९८७,३७३	५४२,५२९,०२२	५४०,९१०,५६६
पूँजी तथा दायित्वहरु			
पूँजी			
शेयर पूँजी	२२०,०००,०००	२२०,०००,०००	२२०,०००,०००
संचित नाफा	(८,५७२,०४२)	६,१०७,८२८	२५,९१२,००८
शेयर एडभान्स			
जम्मा पूँजी	२११,४२७,९५८	२२६,१०७,८२८	२४५,९१२,००८
गैर चालु दायित्व			
दिर्घकालिन कर्जा			
सुरक्षित कर्जा/बैंक कर्जा	३३०,९६४,०४६	३११,९४४,००५	२९१,०५१,६६३
असुरक्षित कर्जा/संचालक कर्जा	-	-	-
हायर पर्चेज कर्जा	-	-	-
कर्मचारी लाभ दायित्व	-	-	-
भुक्तानी गर्न बाँकी अवधारणा पैसा	-	-	-
जम्मा गैर चालु दायित्व	३३०,९६४,०४६	३११,९४४,००५	२९१,०५१,६६३
जम्मा दायित्व			
अल्पकालिन कर्जा	-	-	-
असुरक्षित कर्जा	-	-	-
कर्मचारी लाभ दायित्व	३०६,१३१	३२१,४३८	३३७,५११
तिर्न बाँकी रकम	२,१४२,१३२	२,७९७,७२०	२,२४७,६८५
तिर्न बाँकी रोयल्टी	१४७,१०६	१५०,९०९	१५४,५७७
मर्मत तथा सम्भारका लागि व्यवस्था	-	१,२०७,१२२	१,२०७,१२२
जम्मा चालु दायित्व	२,५९५,३७०	४,४७७,१८९	३,९४६,८९५
जम्मा दायित्व	५४४,९८७,३७३	५४२,५२९,०२२	५४०,९१०,५६६

नाफा-नोक्सान हिसाब

(रकम रु. मा)

विवरण	प्रस्तावित		
	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२
बिक्री आम्दानी	७६,२६३,५२१	७८,५४५,३४८	८०,७४६,४३६
अप्रत्यक्ष आम्दानी	१२,३५४	११०,८७७	४५७,२९२
ब्याज आम्दानी	१२,३५४	११०,८७७	४५७,२९२
संचालक ऋणमा ब्याज	-	-	-
अन्य आम्दानी	-	-	-
घटाउनेः सञ्चालन खर्च			
सन्चालन र मर्मत खर्च	३,६७२,०००	३,७४५,४४०	३,८२०,३४९
वार्षिक बीमा प्रीमियम	२,७००,०००	२,७००,०००	२,७००,०००
मर्मत तथा सम्भार	-	१,२०७,१२२	-
रोयल्टीः	१,७६५,२७०	१,८१०,९०७	१,८५४,९२९
आम्दानी रोयल्टी	१,५२५,२७०	१,५७०,९०७	१,६१४,९२९
क्यापासीटी रोयल्टी	२४०,०००	२४०,०००	२४०,०००
आयोजना खर्चको परिशोधन	१९,९१६,९१६	१९,९१६,९१६	१९,९१६,९१६
कुल संचालन खर्च	२८,०५४,१८६	२९,३८०,३८५	२८,२९२,१९४
सञ्चालन नाफा	४८,२२१,६८९	४९,२७५,८४०	५२,९११,५३४
घटाउनेः प्रशासन खर्च	३,६७३,५८३	३,८५७,२६३	४,०५०,१२६
बिक्री आम्दानीको प्रतिशत प्रशासन खर्च	५%	५%	५%
घटाउनेः ह्रासकट्टी	३९७,९३७	२४२,५००	२४२,५००
घटाउनेः सफ्टवेयरको परिशोधन	४,२१८	-	-
ब्याज र कर अघिको नाफा/नोक्सान	४४,१४५,९५१	४५,१७६,०७७	४८,६१८,९०८
घटाउनेः टर्म लोनमा ब्याज	३१,८७८,८४७	३०,१७४,३३६	२८,३०२,०३६
घटाउनेः कार्यशील पूँजिमा ब्याज	-	-	-
घटाउनेः IPO ब्रीज लोनमा ब्याज	-	-	-
घटाउनेः सवारी साधन लोनमा ब्याज	३३,४२१	-	-
कर र बोनस अघिको नाफा/नोक्सान	१२,२३३,६८३	१५,००१,७४१	२०,३१६,८७२
घटाउनेः बोनस २%	२३९,८७६	२९४,१५२	३९८,३७०
कर अघिको आम्दानी	११,९९३,८०७	१४,७०७,५८९	१९,९१८,५०२
घटाउनेः कर	३,०८९	२७,७१९	११४,३२३
कर पछिको खुद आम्दानी	११,९९०,७१८	१४,६७९,८७०	१९,८०४,१७९

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छः

विवरण	वास्तविक			*चैत्र मसान्त २०७९	प्रक्षेपित		
	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९		आ.व.०७९/८०	आ.व.०८०/८१	आ.व.०८१/८२
चुक्ता पूँजी (रु. हजारमा)	२६,४७५	१३३,०००	१३३,०००	१३३,०००	२२०,०००	२२०,०००	२२०,०००
जगेडा कोष तथा संचित नाफा (रु. हजारमा)	(५९१)	(१,१०६)	(२०,५६३)	(६२,४७०)	(८,५७२)	६,१०८	२५,९१२
जम्मा (नेटवर्थ) (रु. हजारमा)	२५,८८४	१३१,८९४	११२,४३७	७०,५३०	२११,४२८	२२६,१०८	२४५,९१२
शेयर संख्या	२६४,७५०	१,३३०,०००	१,३३०,०००	१,३३०,०००	२,२००,०००	२,२००,०००	२,२००,०००
खुद नाफा (रु. हजारमा)	(५३३.२१)	(५१५.२७)	(१९,४५६.४४)	(४१,९०७.३३)	११,९९१	१४,६८०	१९,८०४
प्रतिशेयर नेटवर्थ	९७.७७	९९.१७	८४.५४	५३.०३	९६.१०	१०२.७८	१११.७८
प्रति शेयर आम्दानी (EPS)	(२.०१)	(०.३९)	(१४.६३)	(३१.५१)	५.४५	६.६७	९.००
नेटवर्थमा औषत प्रतिफल (%)	(२.०६%)	(०.३९%)	(१७.३०%)	(५९.४२%)	५.६७%	६.४९%	८.०५%
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल					(१६.१४%)		

विगत तीन बर्षको नेटवर्थमा भएको औसत प्रतिफल : -६.५८

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो। उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनि श्री एस आर पाण्डे एण्ड कम्पनी चार्टड एकाउन्टेन्टले गर्नु भएको हो।

** चैत्र मसान्त, २०७९ को लेखापरिक्षक तथा व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण अनुसार।*

प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेको छ

सि.न.	विवरण	आधारहरु
१	विद्युत बिक्री बापत आम्दानी	नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद विक्री सम्झौताको ९५ प्रतिशत क्षमतामा आधारित।
२	आयोजना संचालन खर्च	संचालन लागत अन्य हाइड्रोपावर कम्पनीहरुले अपनाउने (Industry Practice) अनुसार (जडान क्षमताको रु.१६,००,०००/- प्रति मेगावाट)।
३	इन्स्योरेन्स प्रिमियम	इन्स्योरेन्स खर्च हरेक वर्ष मुद्रास्फीति समायोजन बाहेक रु.२७,००,०००/- को दरले अनुमान गरिएको।
४	मर्मत तथा सम्भार	हरेक १० वर्षमा मुख्य मर्मत तथा सम्भार हुने अपेक्षा गरिएकोले द्विवार्षिक रुपमा ०.५ प्रतिशतले सिभिल, हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल खर्चहरु हरेक वैकल्पिक वर्षमा व्यवस्था गरिएको।
५	ब्याज आम्दानी	शुरु नगद तथा बैंक मौज्दातको २ प्रतिशतले अनुमानित।
६	रोयल्टी खर्च	विद्युत ऐन, २०४९ मा आधारित।
७	वित्तीय खर्च	कर्जा तालिकामा आधारित औसत दर ९.५ प्रतिशतले गणना गरिएको।
८	प्रशासनिक खर्च	तलब प्रति महिना रु.२,५०,०००/- अनुमान गरिएको तथा हरेक वर्ष ५ प्रतिशतका दरले बृद्धि गरिने। साथै, अरु खर्च जस्तै लेखापरिक्षण, बहाल, संचालक बैठक भत्ता तथा वार्षिक साधारण सभा खर्चलाई वार्षिक ५ प्रतिशत मुद्रास्फीतिले समायोजन गरिएको।
९	कर्मचारी लाभ दायित्व	असाढको कर्मचारी लाभ दायित्व हरेक वर्ष भुक्तानी गर्ने अनुमान गरिएको।
१०	कर्मचारी बोनस	विद्युत ऐन २०४९ मा आधारित।
११	नेपाल विद्युत प्राधिकरणबाट पाउन बाँकी	२ महिनाको आम्दानी नेपाल विद्युत प्राधिकरणबाट पाउन बाँकी रहेको।
१२	तिर्नुपर्ने रोयल्टी	१ महिनाको रोयल्टी खर्च भुक्तानी योग्य रहेको।
१३	अन्य भुक्तानी गर्नुपर्ने बाँकी रकम	संचालन लागतको ५० प्रतिशत, १ महिनाको प्रशासनिक खर्च प्रत्येक वर्ष भुक्तानी गर्नुपर्ने अनुमान गरिएको छ।
१४	स्थिर सम्पत्ति	आयोजनाका लाइसेन्सको अवधिसम्म थप घट केही नहुने अनुमान गरिएको छ।
१५	अमूर्त सम्पत्तिहरु	कम्पनीले २०७८/११/१५ गतेबाट व्यापारीक उत्पादन शुरु गरेको, तसर्थ व्यापारीक उत्पादन शुरु गरेका मिति सम्म लागेको योजनाको लागत रु.५०,४७,९४,३३८/- बराबरको अमूर्त सम्पत्तिको रुपमा पूँजीकृत गरिएको र सो लाई लाइसेन्सको समाप्ति (२५.१७ वर्ष) अवधिसम्म straight line method को आधारमा परिशोधन गरिएको छ। परिशोधन खर्च बिक्री लागतमा समावेश गरिएको छ। यसमा पूँजी कार्यगत प्रगती तथा सफ्टवेयर पनि समावेश गरिएको छ।
१६	आयकर दर	व्यापारिक उत्पादन शुरु भएको मिति देखि १० वर्षको लागि आयकर ऐन, २०५८ दफा ११.३ घ को बमोजिम आयकर छुट रहेको छ। बिजुली उत्पादनबाट आउने आय बाहेकको आयमा २५ प्रतिशत करको दर गणना गरिएको छ। यद्यपि कम्पनीले १० प्रतिशतको दरले व्यापारीक उत्पादन शुरु हुने मिति (COD) देखि वर्ष ११ देखि १५ सम्म र २० प्रतिशतको दरले वर्ष २१ देखि ३० सम्म बिजुली बिक्रीको आम्दानीमा आयकर भुक्तानी गर्नेछ।
१७	डिस्काउन्ट दर	Weighted Average Cost of Capital (WACC) मा आधारित Cost of debt ९.५ प्रतिशत र cost of equity ११ प्रतिशत अनुमान गरिएको छ।

१४. सकारात्मक पक्षहरु :

- आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको।
- यस जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको।
- कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।
- जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको।

१५. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :
निर्माणाधिन रहेको माथिल्लो स्याङ्गे खोला साना जलविद्युत आयोजनाको लागि प्राइम कमर्सियल बैंक लिमिटेडसंग ३५ करोड ऋण सम्झौता भएकोमा बैंक ब्याजदर बढ्न गई परियोजना लागत वढ्न जाने जोखिम रहेको तर संस्थापक शेयरधनीबाट सम्पूर्ण रकम चुक्ता भईसकेको तथा बैंकसँग ३५ करोड ऋण सम्झौता समेत भैसकेको अवस्थामा वित्तीय साधनको अभावबाट हुने जोखिम नरहेको।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :
जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने।

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम : जोखिम नरहेको।
यस परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले यस्तो जोखिम नहुने। नेपाल विद्युत प्राधिकरण पुर्णतय नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत विक्रीबाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम :
हाल विश्वभर फैलिएको कोभिड-१९ को कारण भएको लकडाउनका कारण आयोजना निर्माणमा केहि ढिलो भएको र को कारण अन्य आयोजना सम्बन्धी खर्च यथावत भएता पनि कम्पनीको IDC केही बृद्धि भएको छ।

(ङ) विदेशी विनिमयको जोखिम :
हाल यस्तो जोखिम नरहेको।

(च) कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू :
हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पुर्ण इजाजत पत्रहरु प्राप्त गरि सकेकोले सो जोखिम नरहेको।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :
अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दी नभएकोले यस्तो जोखिम नरहेको।

(ज) सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिमः
नेपाल सरकारले अंगीकार गरेको वर्तमान जलविद्युत नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरेमा कम्पनीको आयमा असर पर्न सक्नेछ।

(झ) सञ्चालन इतिहासको अभाव :
यस कम्पनीले आफ्नो कारोवार २०७३/१२/१८ गते देखि सञ्चालन गरेको हुँदा कम्पनीको कारोवारको सञ्चालनको इतिहास करिब ५ वर्ष रहेको छ।

(ञ) प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम :
जलविद्युत आयोजना निर्माणको लागि आवश्यक टर्बाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ टेक्नोलोजीबाट विद्युत उपकरणहरु फेज आउट भएमा उत्पन्न हुन सक्ने जोखिमहरु।

(ट) अन्य :
- प्राकृतिक प्रकोपको तथा काबु बहिरका परिस्थितिका कारणबाट विद्युत केन्द्रका संरचनाहरूमा क्षती पुग्न गएमा।
- अप्रत्याशित रूपमा वातावरणमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्नेछ।

सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनको धारणा :
नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो। तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको ब्यबस्थापनको धारणा रहेको छ। साथै उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी। यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन। त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखीम रहेको धारणा ब्यबस्थापनको रहेको छ।

यस कम्पनी तथा आयोजनाको आवश्यक संरचना मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न निर्माणाधिन आयोजनाको निम्नानुसारका बिमा गरिएको छ।

सि.नं.	बिमाको प्रकार	बिमा कम्पनीको नाम	बिमांक रकम (रु.)	बिमा अवधि	बिमा शुल्क (रु.)
१	सम्पत्ति बिमा	आइ.एम.इ जेनरल इन्स्योरेन्स लिमिटेड	३५०,२०३,४९३	अप्रिल ०८, २०२२ देखि अप्रिल ०७, २०२३	७३२,१२३
२	लस अन प्रफिट बिमा		७७,९८८,६४५	मे ०८, २०२२ देखि मे ०७, २०२३	५०२,३४८
३	कर्मचारी जि.पि.ए.	सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड	१,३०,००,०००	फेब्रुअरी ०६, २०२३ देखि फेब्रुअरी ०५ २०२४	२६,०२०

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :
रु.१००/- प्रति शेयर दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१६. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :
स्वीकृत विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरिदका लागि आवेदनकर्ताहरुबाट अत्यधिक माग भई आएको अवस्थामा प्राप्त भएका आवेदनहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ। त्यसैगरी निष्काशन गरिएको अवधि भरमा समेत सर्वसाधारणहरुबाट न्यून माग भई आएको अवस्थामा बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताबाट प्रत्याभूति सम्झौतामा उल्लेख भएको शर्त बमोजिम खरीद हुनेछ।

(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्थाः
धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार शेयर बाँडफाँड गरे पश्चात् स्थानीय वासिन्दाहरुको हकमा बाँडफाँडमा नपरेको रकम आवेदनकर्ताले आवेदन फारममा उल्लेख गरेको बैंक खातामा सोझै जम्मा हुने गरी IPS मार्फत फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईने छ। आस्वा प्रणाली मार्फत आवेदन दिएका आवेदनकर्ताहरु तथा वैदेशिक रोजगारीमा रहेको नेपालीहरुको हकमा शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत र अस्वीकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईनेछ र सोही विवरणका आधारमा सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा हुने व्यवस्था मिलाईने छ।

(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :
"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" ले निर्धारित गरेको समय भित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा सर्वसाधारणलाई जारी गरिने शेयरको हकमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्बा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जसअनुसार आवेदकके बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको।

(घ) धितोपत्रको बाँडफाँड तथा प्रमाण पत्र जारी सम्बन्धी प्रकृया र समयावधी :
निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात् "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ।

(ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :
सो नभएको।

(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद र बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :
स्वीकृत विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो बजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज सुचीकरण गराई कारोवार हुने व्यवस्था मिलाईनेछ।

१७. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा हितग्राही परिचय नम्बर र बैंक खाता मार्फत कारोबार गरिनु पर्ने जस्ता पक्षहरु :

१. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्कासनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्कासनमा Centralized Application for ASBA Based Issuance (C-ASBA) प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्था तथा तीनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन्।
२. आवेदकले आवेदन फारममा तोकिए बमोजिमका सम्पूर्ण विवरण भरी आफैले दस्तखत गरी बुझाउनु पर्नेछ।
३. दरखास्त दिंदा नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त आस्वा सदस्यले तोकेको ढाँचामा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु उल्लेख गरी दरखास्त दिनु पर्नेछ।
   (क) आवेदकको पुरा नाम (नेपाली तथा अंग्रजी दुबैमा),
   (ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम,
   (ग) आवेदक विवाहित भएमा श्रीमान वा श्रीमतीको नाम,
   (घ) आवेदकको स्थायी ठेगाना,
   (ङ) आवेदकको सर्म्पक ठेगाना र टेलिफोन वा मोबाइल नम्बर,
   (च) आवेदकको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर,
   (छ) धितोपत्र अभौतिकिकरण गर्ने (डिम्याट खाता नम्बर) अनिवार्य रुपमा खुलाउनु पर्ने,
   (ज) आवेदकले लिन चाहेको शेयर संख्या तथा सो बापत जम्मा गरेको रकम,
   (झ) आवेदकको हस्ताक्षर (नावालकको हकमा अभिभावकको हस्ताक्षर)
४. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ।
५. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुँदैन।
६. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ।
७. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सके पछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा विक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ।
८. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा विक्री प्रबन्धकलाई दिनुपर्नेछ।
९. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन्। त्यसकालागि आवेदकले सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिई सकेको हुनुपर्नेछ।
१०. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ। यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ।
११. सङ्गठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन मार्फत जारी गरेको शेयर खरिदका लागि प्राकृतिक व्यक्तिले मात्र दरखास्त दिन सक्नेछ। तोकिएको अवधिभित्र बिक्री नभएमा सङ्गठित संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएका संस्थाले त्यस्तो शेयर खरिद गर्न सक्नेछ।
१२. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ।
१३. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन्।

१८. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाँउ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सोभन्दा माथि लिने भएमा कुन गुणांकमा लिन सक्ने हो सो सम्बन्धी विवरणः

१. कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. चन्डोल-४ तथा यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लि., काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी कम्पनीको प्रबन्धपत्र तथा नियमावली प्राप्त गर्न वा हेर्न सकिनेछ।
२. सर्वसाधारण दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले C-ASBA प्रणाली मार्फत आवेदन दिन सक्नेछन्।
३. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ। यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १,००,००० कित्तासम्म साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ।

१९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

सि.नं.	विवरण	रकम (रु.)
१.	कम्पनीले आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाका लागि, वैदेशिक रोजगारीमा रहेका नेपाली र सर्वसाधारणको लागि निष्काशन गरी प्राप्त रकम कर्जा भुक्तानीका लागि प्रयोग गर्नेछ।	८,७०,००,०००/-

२०. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

क्र.सं.	विवरणपत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानः
१.	सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ। वेभसाइट www.siddharthacapital.com
२.	अप्पर स्याङ्गे हाईड्रो पावर लिमिटेड, चन्डोल-४, काठमाडौ। वेभसाइट www.uppersyange.com
३.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेभसाइट www.sebon.gov.np

	दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :
१.	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट तथा सिडिएसएण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (C ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

२१. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

क्र.सं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री सिद्धार्थ बैंक लि., हात्तिसार, काठमाण्डौ।	००११७५९०९९२

साथै, आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै नेपाल धितोपत्र बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ।

२२. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्रद्वारा निष्काशन गरिने शेयरको लागि आवेदन लिने कार्य कम्तीमा ४ (चार) कार्य दिनको लागि खुल्ला गरिनेछ। सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ।

२३. गुनासो सुन्ने र समाधान गर्ने प्रक्रिया :

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहाएको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाब प्रेषित गर्न सक्ने छन्ः
गुनासो सुन्ने अधिकारीको नामः रिकेश श्रेष्ठ, इमेलः rikesh@siddharthacapital.com, फोन नं. ०१-४४२०९२४

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Siddhartha Capital Limited
Investing happiness

सिद्धार्थ क्यापिटल लिमिटेड
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ४४२०९२४/४४२०९२५, फ्याक्सः ४४२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com